फ्रेजर सुग्डेन, सुरेश ढकाल र जनक राई । सन् २०२५ । द *एग्रेरियन हिस्ट्री अफ नेपाल : द पोलिटिकल इकोनमी अफ एग्रो-इकोलोजिकल चेन्ज* । काठमाडौँ : बज्र पब्लिकेसन्स ।



मानवशास्त्री फ्रेजर सुग्डेन, सुरेश ढकाल र जनक राईद्वारा लिखित द *एग्रेरियन हिस्ट्री अफ नेपाल : द पोलिटिकल इकोनमी अफ एग्रो-इकोलोजिकल चेन्ज* पाँच शताब्दी यता नेपालमा कृषि क्षेत्रमा आएको फेरबदल बुझाउन सहयोग गर्ने महत्त्वपूर्ण पुस्तक हो । गोर्खा राज्यको विस्तारअघि ठुला राज्यमध्ये मुख्यतः १) पश्चिममा खस राज्य, २) मध्यदेखि पूर्वसम्म सेन राज्य, ३) अहिलेको मिथिलाञ्चल र भोजपुरी भाषिक क्षेत्र, ४) बाइसे-चौबिसे र गोर्खा राज्यहुँदै विस्तार भएको नेपाली राज्यले भूमि व्यवस्थापन र भूमि कर प्रणालीबारे लिएका नीतिगत निर्णयले आदिवासी उत्पादन पद्धतिसहित अन्य स्वतन्त्र खालका उत्पादन पद्धतिमा ल्याएको परिवर्तनलाई यो पुस्तकले समेटेको छ ।

निष्कर्षबाहेक पुस्तक पाँच अध्यायमा विभाजित छ । पहिलो अध्याय "परिचय" ले उत्पादन पद्धतिमा आएको फेरबदलले ऐतिहासिक रूपमा कृषि क्षेत्रमा आएको परिवर्तनलाई बुझाउन सहयोग गर्छ । हिमाली क्षेत्रको अध्ययन समावेश नभएको यो पुस्तकमा लेखकत्रयले पहाडलाई पूर्वी पहाड, मध्य पहाड र पश्चिम पहाड तथा तराई-मधेशलाई सुदूर-पूर्वी तराई-मधेश, मध्य तराई-मधेश र पश्चिम तराई-मधेशमा विभाजन

गरी तत्तत् भू-भागमा कृषि क्षेत्रमा आएको परिवर्तनबारे विवेचना गरेका छन् । राज्यको बनावट, मिल्दोजुल्दो आदिवासी उत्पादन विधि, जातीय-भाषिक क्षेत्र, भू-बनावट एवम् पर्यावरण (इकोलोजी), आदिलाई आधार मानी यस्तो विभाजन गरेका हुन् । परिचय खण्डमा "आदिवासी उत्पादन पद्धति" बारे चर्चा गर्दै उनीहरूले यो पद्धति सामुदायिक सम्पत्ति, श्रम र स्वामित्व, परम्परागत कानून, स्थानान्तरण खेती (शिफ्टिङ कल्टिभेशन), आदिवासी राजा/रजौटा र मुखियाहरूले गरेको भौतिक सम्पत्तिको पुनर्वितरण र न्यून आर्थिक असमानताको जगमा उभिएको तर्क गरेका छन् ।

पुस्तकको दोस्रो अध्यायमा गोर्खा राज्य पहिलेको कृषिको ऐतिहासिक मानचित्रमा तराईलाई मानव बसोबासरहित जङ्गलको रूपमा मात्र देखाउनुसँग विमति राख्दै तराईमा पनि सदिऔँदेखि बस्ती बसेको लेखकत्रयको जिकिर छ । गोर्खा राज्य फैलिनुअघि तराईका अधिकांश क्षेत्रमा "आदिवासी उत्पादन पद्धति" विद्यमान रहेको यो अध्यायमा उल्लेख छ । त्यसमा पनि हिन्दुहरूको बाहुल्य रहेको मध्य तराई-मधेशमा शुरूमा स्थिर (सेडेन्टरी) खेतीको चलन थियो । सेन राज्यको प्रभावसँगै त्यहाँ स्थानीय सामन्तवाद र व्यक्तिगत सम्पत्तिको अवधारणा विकास भयो ।

त्यस्तै, खस राज्यको प्रभाव रहेको पश्चिम पहाडमा "आदिवासी उत्पादन पद्धति" बाट "कृषक उत्पादन पद्धति" को विकास भयो । यस पद्धतिअनुसार सम्पत्तिमा सामूहिक नभई पारिवारिक हक स्थापित हुन्थ्यो भने उत्पादकले आफूले उपभोग गरी बाँकी रहेको उब्जनी (सरप्लस अर्थात् अधिशेष) पनि आफै राख्ने, अर्थात् निजी सम्पत्तिको अवधारणा विकास भयो । त्यसै गरी, मध्य र पूर्वी पहाडमा भने "आदिवासी उत्पादन प्रणाली" र "सामन्तवादी उत्पादन प्रणाली" दुइटैको अस्तित्व थियो, जसमा अधिशेषमाथि राज्य (केन्द्रीय सामन्त) को हक हुन्थ्यो ।

लेखकहरूका अनुसार विस्तारै कृषि कार्यमा ब्राह्मण-क्षेत्रीको संलग्नता हुन थाल्यो । स्थिर (सेडेन्टरी) कृषि प्रणाली र पानी-धान खेती (वेट राइस एग्रिकल्चर) को शुरूआत भयो । सम्पत्तिमाथि वैयक्तिक हक कायम हुन थाल्यो । र, त्यही समयमा समाजमा बढ्दो आन्तरिक असमानताको स्थिति पनि देखा पऱ्यो । यी सबै एक-अर्कासँग जोडिएर आएका हुन् भन्ने उनीहरूको तर्क रहेको छ ।

प्रत्येक आदिवासी उत्पादन प्रणाली अवसान हुनुको कारण बाहिरबाट आएका ठुला राज्यहरूले भित्र्याएका माथिका मध्ये कुनै न कुनै परिवर्तन हो भन्ने तर्क पनि यस अध्यायमा गरिएको छ । यद्यपि, पुस्तकभित्रै केही भिन्न उदाहरण पनि छन् । जस्तै, तारा खोलाका मगरहरूले परम्परागत कानूनका आधारमा पानी-धान खेती गरे र गुरुङहरूले बढ्दो जनसङ्ख्यासँगै खाद्यान्नको अभावमा बेसी झरेर पानी-धान खेती गरे ।

तेस्रो अध्यायमा गोर्खा राज्यको विजयको समय (वि.सं. १७५०–१९००) र राणा शासनको प्रारम्भिक चरणमा कृषिमा आएको परिवर्तनको समीक्षा गरिएको छ । गोर्खा राज्य विस्तारको बेला आवश्यक सैन्य शक्ति र शक्ति केन्द्रीकरणको लागि भूमि करको उपयोग के कसरी गरिएको थियो भन्ने बुझ्न यस खण्डले मद्दत गर्छ । उदाहरणका लागि १८९१ सालमा भूमिबाट राज्यले सर्वाधिक कर (करिब ६ लाख रुपैयाँ) आर्जन गर्न सकेको थियो । यसका लागि राज्यले खस र सेन वंशदेखि नै चलिआएको कर प्रणाली, जस्तै : बिर्ता दिने तथा *जागिर*का रूपमा जग्गा वितरण गर्ने प्रणालीलाई निरन्तरता दिनुका साथै कर सङ्कलनमा स्थानीय सामन्तको सहयोग लिने र उनीहरूलाई सहभागी गराउने चलनलाई अझ परिस्कृत बनाएको थियो । त्यसै गरी, वि.सं. १९०३ मा राणा शासन आएपछि कर सङ्कलनसम्बन्धी राज्यको विद्यमान संरचना तथा रणनीति परिवर्तन गर्ने काम भयो । उदाहरणका लागि करको दायरा बढाउन विविध सूक्ष्म क्षेत्रमा पनि कर लगाउने (जस्तो, पहाडमा "हल" प्रणाली), कर उठाउन जिम्मा दिइएका स्थानीय सामन्तको पद वा हैसियत घटाउने तथा शासक (राणा परिवार) र उनीहरू निकटका ब्राह्मण-क्षेत्रीलाई कर सङ्कलनको भूमिका दिइयो ।

राणा शासनको अवधिमा पहिलेजस्तो युद्धमा राज्य संलग्न हुनु नपरेकोले उत्पादनको अधिशेष किसान र स्थानीय सामन्त आफैले भोग चलन गर्न पाए । राज्यलाई करको रूपमा सीमित रकम वा अन्न दिन थालियो । राणाकालको अन्त्यतिर उल्लेखनीय मात्रामा घटेको भूमि कर, नयाँ शुरू भएको निजी सम्पत्तिको हक (सन् १९२१) र नगदीकरणसँगै "आत्मनिर्भर कृषक उत्पादन पद्धति" फस्टायो । साथै, बजारको उपस्थितिसँगै नगदको माग बढेकाले जमिन धितो राखी पैसा लिने र अधिया कमाउने प्रवृत्ति बढ्यो । पहाडभन्दा तराई-मधेशमा जमिनदार र बिर्तावाल धेरै भएको र रैकर जमिन पर्याप्त नभएकाले आत्मनिर्भर किसान कम, तर भाडा (रेन्ट) मा अरूको जमिन कमाई खाने धेरै हुन पुगे । त्यसै गरी पैसा हुनेले जति पनि जमिन किन्न पाएसँगै तराई मधेशमा जमिनदारी प्रथा झाङ्गिदै गयो । र, आफ्नो जमिन बिर्तावाल र जागिरदारद्वारा खोसिएका, नगदको लागि भएको थोरै जमिन पनि साहुकहाँ धितो राखेका (थारू) भने हरुवा-चरुवा र कमैयामा बन्न पुगे ।

यो पुस्तकको चौथो अध्यायमा २००७ सालमा राणा शासनको अन्तभएपछि २०५६ सालसम्म भएका भूमि व्यवस्थापन र पुनर्वितरण कार्यक्रम—विशेष गरी बिर्ता, जागिर र किपट उन्मूलन, मोहियानी हकसम्बन्धी कानून, र पुनर्वास कार्यक्रम आदि—बारे बहस गरिएको छ । साथै, नवउदारवादी अर्थव्यवस्थाअन्तर्गत विश्वव्यापी रूपमा विस्तारित भएका अन्तर्राष्ट्रिय बजारले नेपाली "रैथाने बजार" लाई पारेको मार/असरबारे समेत यस अध्ययमा चर्चा छ । बढ्दो नगदीकरण र जमिनको घट्दो उपलब्धताले निम्त्याएको बसाइँसराइ एवम् प्रवासीकरण र खाद्य असुरक्षाजस्ता विषयसमेत यो अध्यायमा समेटिएको छ ।

यो अध्यायमा लेखकत्रयले भनेका छन्—विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा गठित नेपाली काँग्रेसको जननिर्वाचित सरकार (२०१६–२०१७ साल) ले महत्त्व दिएको भूमिसुधारको कार्यक्रमलाई आदिवासी पुनर्वितरणकै सङ्ज्ञामा पञ्चायतले लागू गऱ्यो । साथै, वन फडानी गरी भूमिहीनदेखि पुनर्वास कार्यक्रममार्फत तराई झरेका पहाडेलाई जमिन वितरण गर्ने नीति राज्यले लियो । तर, बिर्ता उन्मूलन हुँदा बिर्ता क्षेत्रमा पर्ने फडानी नभएको जमिनलाई मात्र राष्ट्रियकरण गरिनु र भूमिसुधारको बेला ठुला जमिनदारले आफ्नो परिवारमा जमिन अंशबण्डा गरी भूमिसुधार छल्दा राज्यले यो सम्भावनाप्रति आँखा चिम्लिदियो । यसले गर्दा यो समयमा केही मान्छेका हातमा मात्र धेरै जमिनको स्वामित्व रहनपुग्यो ।

२०४६ सालपछि राज्यले अवलम्बन गरेको उदारीकरणको नीतिले समग्र कृषि प्रणाली र यस प्रणालीअन्तर्गत निर्मित सामाजिक सम्बन्धमा आएका फेरबदलबारे लेखकहरूले पाँचौँ अध्यायमा चर्चा गरेका छन् । साथै, सामन्ती र आदिवासी भूमि-सम्बन्धलाई पछिल्ला दशकमा ज्याला र वैदेशिक रोजगारीमा आधारित अर्थतन्त्रले प्रतिस्थापन गरेको विषयलाई यो अध्यायमा देखाइएको छ । कृषि उत्पादन पद्धति व्यक्तिगत जमिनको उत्पादन पद्धतिमा गइसकेको र त्यही जमिनको उपभोगबाट पूँजीवादी उत्पादन प्रणालीमा संलग्न भई खेती गरेर जीविकोपार्जन गर्ने ठुलो जनसङ्ख्या नगदे बाली लगाउनतिर उन्मुख भएको लेखकहरूको दलिल छ । साथै, कृषिको दुर्भाग्यतिर इङ्गित गर्दै लेखकत्रयले भनेका छन् कि यसरी वैदेशिक रोजगारी र नगदे बालीबाट आर्जित आम्दानी पुनः कृषिमा लगानी नभई सहरमा जग्गा किनेर घर बनाउन, बालबच्चा पढाउन र दैनिक उपभोगमा खर्च भइरहेको छ ।

यो पुस्तकका लागि गरिएका अधिकांश अध्ययन पूर्वी नेपालकेन्द्रित देखिन्छन् । बाँकी क्षेत्रहरूको लागि द्वितीय स्रोत प्रयोग गरिएको छ । नेपालमा कृषि र भूमिको ऐतिहासिक पक्ष उजागर गर्दै फरक फरक समयमा घटेका घटनाहरूलाई समग्रतामा देखाइएको छ । करिब ५०० वर्षको कालखण्ड र नेपालभरिका सीमित क्षेत्रहरूको गुणात्मक अध्ययनलाई एउटै बृहत् कथामा समावेश गर्न खोजेकाले यसको समग्रताको आधिकारिकतामाथि भने प्रश्न गर्न मिल्ने देखिन्छ । यो किताब पढ्दै गर्दा मेरो मनमा उठेका केही प्रश्न र प्रतिक्रिया बुँदागत रूपमा तल प्रस्तुत गर्दछु ।

पहिलो, "आदिवासी उत्पादन पद्धति" का अवयवहरू सामुदायिक सम्पत्ति र परम्परागत कानूनको आधारमा कृषि/खेती भएजस्तै "स्रोत/धनको पुनर्वितरण" पनि एक हो । पूँजीवादी समाजको आलोचना गर्दा साम्यवादी समाजको अवयव मानिने "स्रोत/धनको पुनर्वितरण" जस्तो सकारात्मक पक्षलाई पुस्तकमा नेपालभित्रकै अनुसन्धानमा आधारित निष्कर्षबाट स्थापित गरेको भए हुने थियो । नेपाली उदाहरण नदिइकन चलिआएको भाष्यको जगमा

लेखिँदा (हेर्नुहोस्, पृ. २९, ५८) नेपाली इतिहास कत्तिको प्रतिबिम्बित हुन्छ भनेर सोच्नुपर्ने हुन्छ ।

दोस्रो, ठुला राज्यले पानी-धान खेती भित्र्याएसँगै आदिवासी उत्पादन पद्धतिको पतन भयो भन्ने तथ्यलाई पुस्तकले जोड दिए पनि पाँचौँ वा छैटौँ शताब्दीबाट नै पानी-धान खेती गरेका काठमाडौँका नेवार राज्यहरूको प्रभाव के थियो भनेर यहाँ जाँचिएको छैन । माथि भनिएजस्तै तारा खोलाका मगरले सामुदायिक रूपमै पानी-धान खेती गरेको भन्ने उदाहरणले पानी-धान खेती आफैले चाहिँ कस्तो-कस्तो उत्पादन पद्धति अपनाउँछ भनेर पनि चर्चा गरिएको भए हुने थियो ।

तेस्रो, जति तराई-मधेशको कृषिको इतिहासबारे कुरा गर्न यो पुस्तक सक्षम छ, त्यति पहाडी कृषि प्रणालीमा भएका आन्तरिक विविधता देखाउन भने पुस्तकले सकेको छैन । मध्य पहाडको "अमानत," बाइसे राज्य (जुम्लाको माथिल्लो क्षेत्र) को "थेकथिति," र मध्य र पूर्वी पहाडको "राईबन्दी" र यस्तै विविध कृषि प्रणालीबारे पुस्तक विश्लेषणात्मकभन्दा पनि विवरणात्मक छ, जसले यो पुस्तकको "इन्साइक्लोपेडिक" महत्त्व बढाउँछ । त्यसै गरी ऐँचोपैँचो, अर्मपर्म, बालीपरेलीजस्ता सामुदायिक श्रम व्यवस्थापनको संस्कृतिलाई जग्गाको मात्रा र त्यसअनुसार श्रम उपलब्धताको अवस्था एवम् त्यसका आधारमा अधियाँ लगाउने प्रणालीसँग अलग गरेर हेर्न मिल्दैन ।

चौथो, नेपालभर बेलाबखत गुठीसँग सम्बन्धित अनेक भूमि आन्दोलन हुँदैआएका छन् (हेर्नुहोस्, सुवेदी २०७३) । गुठीको समस्या अहिले पनि जीवित नै छ । सामुदायिक सांस्कृतिक सम्पत्ति भएकाले गुठीको इतिहासले भूमिमाथिको कानून, शोषण र व्यवस्थापनबारे बेग्लै कथा भन्नसक्ने सम्भावना पनि छ, जसबारे पुस्तक बोलेको छैन ।

समग्रमा मार्क्सवादी उत्पादन पद्धतिलाई पछ्याउँदै पुस्तकले नेपालको कृषिको एकसरो इतिहास देखाएको छ । ब्रिटिशकालीन नेपालको इतिहास हुँदै २००७ सालपछि विभिन्न मानवशास्त्री र समाजशास्त्रीहरूले गरेका एथ्नोग्राफिक अध्ययनलाई यो किताबमा पर्याप्त उपयोग गरिएको छ । यो किताबले समग्र नेपालको गत ५०० वर्षको कृषि इतिहास प्रस्तुत गरेकोले यसमा प्रस्तुत तथ्य/तथ्याङ्क र विश्लेषण यस विषयमा रुचि राख्ने अध्येता विद्यार्थीका लागि गहकिलो स्रोत-सामग्री बन्ने देखिन्छ ।

सन्दर्भ सामग्री

सुवेदी, झलक । २०७३ । *भूमि, किसान र राज्य* । काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

सविन ज्ञवाली
स्वतन्त्र अनुसन्धानकर्ता